# नेपाल राष्ट्र बैंक

## सवारी चालक करार पदको लिखित परीक्षाको पाठ्यक्रम

**परीक्षाको किसिम**

| सि.नं. | चरण | विवरण | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|
| १. | प्रथम चरण | लिखित परीक्षा | १०० | ४० |
| २. | द्वितीय चरण | प्रयोगात्मक परीक्षा | ५० | २५ |
| ३. | तेस्रो चरण | अन्तर्वार्ता | २० | - |

**द्रष्टव्य:**

१. प्रथम चरणको लिखित परीक्षामा प्रश्नहरु यथासम्भव नेपाली माध्यममा सोधिनेछन् । तर विषयलाई स्पष्ट गर्नुपर्ने प्रश्न अंग्रेजीमा सोध्न सकिनेछ ।

२. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

३. द्वितीय चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुलाई मात्र तृतीय चरणको अन्तर्वार्तामा समावेश गराइने छ ।

४. उम्मेदवारले प्रथम चरण, द्वितीय चरण र तृतीय चरणमा प्राप्त गरेको प्राप्ताङ्कहरु जोडी कूल अङ्कको आधारमा योग्यताक्रमानुसार अन्तिम नतिजा प्रकाशित गरिनेछ ।

५. यो पाठ्यक्रम मिति २०७९ असार १५ देखि लागु हुनेछ ।

१. प्रथम चरण: लिखित परीक्षा योजना

| परीक्षा प्रणाली | विषय | उतीर्णाङ्क | प्रश्न संख्या र अङ्क | समय |
| --- | --- | --- | --- | --- |
| बस्तुगत: बहुबैकल्पिक प्रश्न | सामान्य ज्ञान र सेवाको ज्ञान | ४० | सामान्य ज्ञान (५ प्रश्न x २ अङ्क = १० अङ्क) सेवाको ज्ञान (४५ प्रश्न x २ अङ्क = ९० अङ्क) | १ घण्टा |

## प्रथम चरण: लिखित परीक्षाको पाठ्यक्रम

### अ) सामान्य ज्ञान

(क) नेपालको भूगोल र इतिहास सम्बन्धी सामान्य ज्ञान

- क्षेत्रफल, भौगोलिक सीमाना, भौगोलिक र राजनैतिक (संघ, प्रदेश र स्थानीय) विभाजन ।
- ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले नेपालका महत्वपूर्ण स्थलहरु ।

(ग) नेपालमा प्रचलित धर्म, भाषा, संस्कृति, जातजाति र जनसंख्या सम्बन्धी ज्ञान ।

(घ) नेपालको वर्तमान संविधान (जारी मिति, भाग, धारा र अनुसूची संख्या) ।

(ङ) नेपाल राष्ट्र बैंक सम्बन्धी सामान्य जानकारी ।

(च) दूरी मापन सम्बन्धी ज्ञान : माइल, मिटर, किलोमिटर ।

### ख) सेवा सम्बन्धीको बिषयवस्तु

१. सवारी साधन सञ्चालन सम्बन्धी ज्ञान

२. सवारी ऐन नियम सम्बन्धी ज्ञान

- सवारी नियम (Traffic Rules and Regulation) सम्बन्धी ज्ञान:
- व्लु वुक र ड्राइभिंङ्ग लाइसेन्स
- सवारी चिन्हहरु
- ट्राफिक संकेत

३. सवारी साधनको प्राविधिक तथा यान्त्रिक ज्ञान

- इन्जिन (Engine) सम्बन्धी ज्ञान: इन्जिनको परिचय र फोरस्टोक डिजेल र पेट्रोल इन्जिनको काम गर्ने सिद्धान्त
- लुब्रिकेशन पद्धति सम्बन्धी ज्ञान: परिचय, लुब्रिकेशन पद्धतिको उद्धेश्य, आयल फेर्नुको उद्धेश्य, आयल सतहको जांच, आयल फेर्नु र सतह मिलाउनु, आयल चुहिएको हेरचाह

- कुलिंग पद्धति सम्बन्धी ज्ञानः कुलिंग पद्धतिको परिचय, कुलिंग पद्धतिको उद्देश्य, कुलेन्टको महत्व, कुलेण्ट सतहको जाँच गर्नु, फ्यान बेल्टको अवस्था जांच गर्नु
- फ्युल पद्धति सम्बन्धी ज्ञानः वर्णन अनुसार फ्युल फिल्टरको पुनः स्थापना, कार्बुरेटर र पम्पको स्थिरता, एअर क्लिनरको फेराई र सरसफाई
- इग्निशन पद्धति सम्बन्धी ज्ञानः स्पार्क प्लगको वर्णन र स्पार्क प्लगको फेराई र सरसफाई
- व्याट्री, इलेक्ट्रिकल पद्धति, स्टेरिङ्ग, टायर र ब्रेक सम्बन्धी ज्ञान
- विद्युतीय सवारी साधनसम्बन्धी सामान्य ज्ञान

४. सवारी साधन मर्मत सम्बन्धी ज्ञान,

५. सवारी साधनको पार्ट्स र तिनको प्रयोग

६. सुरक्षाका उपायहरु (Safety Precautions) सम्बन्धी ज्ञानः सुरक्षाका उपाय, सवारी चलाउँदा र मर्मतको वेला व्यक्तिगत सुरक्षा, सवारीको सुरक्षा र प्रदूषण सचेतना, दूर्घटना सचेतना सम्बन्धी ज्ञान

७. उच्च पदस्थ व्यक्तिको सवारी चालकले ध्यान दिनुपर्ने विषयहरु

८. समय पालना तथा अनुशासन सम्बन्धी ज्ञान

९. निवेदन लेखन, लगबुकको ढाँचा निर्माण

## द्वितीय चरण : प्रयोगात्मक परीक्षा

**अङ्क विभाजन**

| क.सं. | जाँच | क्रियाकलाप | अङ्क | क्रियाकलाप | अङ्क |
|---|---|---|---|---|---|
| १. | सवारी साध चलाउनु पूर्व सवारी साधनको चेक/जाँच | गरेको | ५ | नगरेको | ० |
| २. | सवारी चलाउने स्थानमा भएको संकेत रेखा | नछोएको | ५ | छोएको | ० |
| ३. | युटर्न संकेत रेखा | नछोएको | ५ | छोएको | ० |
| ४. | आवश्यकता अनुसार साइड लाइटको प्रयोग | गरेको | ५ | नगरेको | ० |
| ५. | भिरालोमा अड्याउने | अडिएको | १० | सवारी सरेको | ० |
| ६. | तोकिएको लाइन/स्थानमा पार्किङ्ग (Parallel, Back) | गरेको | १० | नगरेको | ० |
| ७. | सवारी चलाउदा सवारीको आवाज | सामान्य | ५ | असामान्य | ० |
| ८. | सवारीको बाटोमा भएको वस्तु/सामान | नछोएको | ५ | छोएको | ० |